स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी फागुन महिनामा फिल्म रिलिजको चाप देखिने भएको छ। आधा दर्जनभन्दा बढी फिल्म यही महिना रिलिजको तयारीमा छन्। यसैबीच, भ्यालेनटाइन डेको अवसर पारेर फागुन २ गते फिल्म 'रंगी' प्रदर्शनमा आउने भएको छ । बुधबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो। सार्वजनिक पोस्टरमा अभिनेता सलोन बस्नेत र बाल कलाकार आयुषी ढकाल मात्र चित्रित छन् ।

**आजको विचार...**



संघीय...
(दुई पेजमा)

लक्ष्मीविलास कोइराला



'कबड्डी'बाट अभिनेता विजय बरालको फिल्म करिअर सुरु भएको थियो। यसपछि उनले सहायक भूमिकामा थुप्रै फिल्म गरे। हाल प्रदर्शनरत 'पूर्णबहादुर सारङ्गी' भने उनको शीर्ष भूमिका रहेको पहिलो फिल्म हो। यसको सफलताले उनको करिअर कायापटल गरेको छ। अहिले उनलाई शीर्ष भूमिकामा लिन निर्माताबीच हानाथाप चलिरहेको छ। बुझिएअनुसार विजयले 'पूर्णबहादुर सारङ्गी'का लागि ५ लाख पारिश्रमिक लिएका थिए। त्यसअघि उनले बढीमा ४ लाखमा फिल्म गर्दै आइरहेका थिए।

❒ वर्ष ३० ❒ अंक १४६ ❒ २०८१ पौष ४ गते बिहीबार 19 December 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# रवि लामिछानेलाई रहरले होइन अपराधको अनुसन्धान गर्न घुमाइएको हो : गृहमन्त्री लेखक

**हाम्रा संवाददाता**

**पाल्पा(रामपुर),** मंसिर ३/ गृहमन्त्री रमेश लेखकले पूर्वगृहमन्त्री रवि लामिछानेलाई रहरले नभई अपराधको अनुसन्धान गर्न घुमाइएको बताएका छन् । बुधबार पाल्पाको रामपुरमा नवनिर्मित इलाका प्रशासन कार्यालय भवनको उद्घाटन गर्दै उनले लामिछानेलाई सरकारले ठाउँ- ठाउँमा घुमाएर दुख दिएको भन्ने कुराहरु आएकाले त्यो रहरले नभइ अनुसन्धानका लागि ठाउँ-ठाउँ घुमाइएको स्पष्ट पारेका हुन् ।



गृहमन्त्री लेखकले भने,'यो देशमा जतिसुकै ठूलो मान्छे भए पनि यति अपराध गरेको छ भने कानुन अनुसार अनुसन्धान हुन्छ । सबैमाथि अनुसन्धान हुन्छ, मान्छे सानो छ कि ठूलो छ हेरिर्दैन, अनुहार राम्रो छ कि नराम्रो छ हेरिदैन, को सँग कसलाई रिसुटेको छ, त्यो सँग सरकोकार छैन । यति कुनै गैरकानुनी काम भएको छ भने जति ठूलो मान्छे भए पनि कानुन अनुसार कारवाही हुन्छ ।' सरकारले भ्रष्टाचार नियन्त्रण गरेर सुशासन कायम गर्न लागि परेको छ । त्यहीअनुसार अनुसन्धान भइरहेको उनको भनाई छ । गृहमन्त्री लेखकले वर्तमान सरकार मुलुकमा स्थिरता र सुशासनका लागि गठन भएको र त्यसै अनुसार काम गरिरहेको बताए । उनले भने, 'निश्चित उद्देश्य लिएर सरकार गठन भएको हो, त्यसै अनुसार काम अगाडी बढिरहेको छ ।' मन्त्री लेखकले सुशासन र शान्ति सुरक्षा अहिलेको सरकारको प्रमुख प्राथमिकता भएको बताए । उनले पछिल्लो समय लोकतन्त्रविरोधी गतिविधि बढेको भन्दै लोकतन्त्रको विकल्प लोकतन्त्रमात्रै भएको बताए । 'लोकतन्त्र अनुशासनको पद्धति हो, जनताले सेवा वितरणका पद्धति हो,' उनले भने, 'आफ्ना कुरा भन्न पाइन्छ, विरोध गर्न पाइन्छ, आलोचना गर्न पाइन्छ, तर यसका नाममा अराजकता र कसैको चरित्र हत्या हुने गतिविधि गर्न पाइदैन ।' उनले आलोचना र विरोध गर्दा संयमित र मर्यादित हुनुपर्ने बताए । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई कमजोर गर्ने छुट कसैलाई नभएको उनले बताए । गृहमन्त्री लेखकेले फरक प्रसंगमा कालिगण्डकी करिडोरले पाल्पाको रामपुरको ठूलो सम्भावना रहेको उल्लेख गरे । उनले चीन र भारतलाई जोड्ने बाटोमा रामपुर रहेको बताउँदै यसको सुन्दर भविष्य र सम्भावना रहेको जिकिर गरे । भवनको उद्घाटन मात्र उपलब्धि नभएको भन्दै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्नेमा गृहमन्त्रीको जोड थियो । 'जिल्ला प्रशासन कार्यालयबाट पाउने सबै सेवा पाउने व्यवस्था गरिने छ । कर्मचारीको अभावले सेवा प्रवाहमा कुनै समस्या हुने छैन् । यो सरकारको पहिलो प्राथमिकता नागरिकको सेवा गर्नु हो । यो त्यसैले बनेको हो,' उनले भने । गृहमन्त्री लेखकले शान्ति सुरक्षा लोकतन्त्रको पहिलो सर्त भएको बताए । 'लोकतन्त्रको पहिलो सर्त शान्ति सुरक्षा हो । हामीले शान्ति सुरक्षा दिन सक्यौं भने नागरिकले निर्बाध रूपमा आफ्ना मौलिक हकको उपयोग गर्नुहुन्छ । संघीय लोकतन्त्रिक व्यवस्थाले शान्ति सुरक्षा, सुशासन र विकासको ग्यारेन्टी हुन्छ', गृहमन्त्री लेखकले भने । उनले रामपुर नगरपालिका-५ बेफ्वाड बजारमा निर्मित इलाका प्रशासन कार्यालयको उद्घाटन गरेका हुन् ।उद्घाटनसँगै चार करोड ५६ लाख ७७ हजार पाँच सय ७१ को लागतमा निर्मित १४ कोठे भवनबाट सेवा प्रवाह प्रारम्भ भएको छ । नवनिर्मित भवनबाट राहदानी र राष्ट्रिय परिचयपत्र सेवा प्रवाह भएको छ । सदरमुकाम तानसेनबाट प्रवाह हुँदै आएको राहदानी र राष्ट्रिय परिचयपत्र सेवा यहाँबाट प्राप्त भएपछि स्थानीय हर्षित भएका छन् । कार्यक्रममा प्रतिनिधिसभा सदस्य नारायण आचार्य,राष्ट्रिय सभा सदस्य राजेन्द्रलक्ष्मी गैरे, लुम्बिनी प्रदेश सांसदहरु वीरबहादुर राना, राजुश्रेष्ठ, जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापा लगायतले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रम गृह सचिव गोकर्ण दवाडीको अध्यक्षता, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीको स्वागत, जिल्ला प्रशासन कार्यालयका प्रशासकिय अधिकृत दिनेश ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## संक्षिप्त समाचार

### मस्को विस्फोटमा रुसी जनरलको मृत्यु



**रासस/एएफपी**

**मस्का,** पुस ३/रूसको विकिरण, रासायनिक तथा जैविक संरक्षण सेनाका प्रमुख लेफ्टिनेन्ट जनरल इगोर किरिलोभ र उनका सहकर्मीको दक्षिणपूर्वी मस्कोमा भएको विस्फोटमा मृत्यु भएको छ । रुसी अनुसन्धान समितिका प्रवक्ता स्वेतलाना पेट्रेन्कोले विद्युतीय स्कुटरमा राखिएको विष्फोटक पदार्थले विस्फोट गराएको बताए । प्रवक्ताले भने,'अनुसन्धानले डिसेम्बर १७ को बिहान मस्कोको रियाजान्स्की एभिन्यूमा रहेको आवासीय भवनको प्रवेशद्वार नजिकै स्कुटरमा राखिएको विस्फोटक पदार्थ विस्फोट भएको खुलासा भएको छ । रुसको विकिरण तथा रासायनिक र जैविक सुरक्षा सेनाका प्रमुख लेफ्टिनेन्ट जनरल इगोर किरिलोभ र उनका सहकर्मी उक्त विस्फोटमा मारिएका छन् ।' पेट्रेन्कोका अनुसार मस्को विभागले आक्रमणको अनुसन्धान सुरु गरेको छ । हाल अपराधको पछाडिको अवस्थाको अनुसन्धान भइरहेको छ ।

## चिसो मौसममा देखिने स्वास्थ्य समस्या

चिसो तथा शीतलहरको समयमा,

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, फदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यी रोगले बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरू बढी प्रभावित हुन्छन् ।
- उनीहरूको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# आँधीखोला तर्न ४० वर्षदेखि फट्केको भर

**वालिङ (स्याङ्जा),** पुस ३/ स्याङ्जाको भिरकोट-५ सिम्लेस्थित आँधीखोलामा फट्केमार्फत् आवतजावत गर्न थालेको झण्डै ४० वर्ष पूरा भएको छ । स्थानीय बासिन्दा, शिक्षक, विद्यार्थीले विशेष गरेर हिउँदका समयमा फट्के उपयोग गर्दछन् । हिउँदका समयमा खोला वारपार गर्न फट्केले सहज हुने गरेको जनप्रिय माध्यमिक विद्यालय भिरकोट-५ का शिक्षक कृष्णप्रसाद पौडेलले बताए ।



विद्यालयमा अध्ययनका लागि आउने विद्यार्थी तथा सिम्लेबाट गैह्राथोक बजार जान फट्के बनाउनाले खोला तर्न सहज भएको उनले जानकारी दिए । 'जाडोको समयमा खोला तर्दा चिसो हुने, जुत्ता मोजा खोल्नुपर्ने, कहिलकाहीँ खोलाले बगाउनेसमेत गर्थ्यो', उनले भने, 'खोलामा पस्नै नपरीकन वारपार गर्न फट्केले सहज भएको छ ।' स्थानीयवासी, शिक्षक, विद्यार्थी सबै मिलेर बर्सेनि बनाउँदै आएको फट्केले यस वर्ष पनि निरन्तरता पाएको उनले बताए । बाँस काटेर सातदेखि नौवटा किला बनाउने र त्यसलाई भाटाले भकारीजस्तै गरी बुनिन्छ । बुनिएको भकारीलाई खोलामा लगेर ढुङ्गा भरिन्छ र त्यसलाई पिल्लरको रूपमा प्रयोग गरी बाँस तेर्स्याइन्छ । तेर्स्याइएको बाँसमाथि बालुवा भरिएको बोरा राखेर फट्के तयार गरिन्छ । खोलाको फैलावटका आधारमा भकारी बनाइने उनले बताए । 'खोला कति फराकिलो भएर बहेको छ, त्यसैका आधारमा भकारीको संख्या घटीबढी हुने गर्छ', उनले भने, 'कहिले सात-आठवटा भकारी बुने पुग्छ, कहिले २०-२२ पनि बुन्नुपर्छ ।' पहिला-पहिला बाँस खोज्न टाढाटाढाका गाउँगाउँमा पुग्नुपर्थ्यो । केही वर्ष अघिदेखि विद्यालय आफैँले बाँस रोपण गरेकाले बाँस खोज्न टाढा जानुपर्ने झण्झट हराएको छ । विद्यालयभन्दा केही तल आँधीखोलामा पक्की पुल निर्माण सुरु भएको पनि वर्षौं भयो । पुल समयमै सम्पन्न हुन नसक्दा पनि विद्यार्थी तथा स्थानीयले बाँसको फट्केबाट खोला वारपार गर्नुपर्ने बाध्यता रहिआएको छ । खोलाको किनारमै रहेको विद्यालयका शिक्षक, विद्यार्थीले कक्षा खाली भएका बेला स्थानीयसँगै जनश्रमदानमा सहभागी हुने गरेका छन् । फट्के बनाउन कम्तीमा तीन दिनदेखि बढीमा एक हप्तासम्म समय लाग्ने गरेको उनले बताए । पहिला वर्षा तथा हिउँदका समयमा माझी तथा बोटेहरूको सहायतामा डुङ्गाबाट वारपार गर्ने गरिएको स्थानीय चन्द्रध्वज खाणले बताए । डुङ्गाबाट खोला वारपार गर्ने गरिएकोमा पछिल्लो समय माझी तथा बोटे समुदाय विस्थापित भएपछि विकल्पका रूपमा फट्के हाल्न थालिएको उनले बताए ।

पायक पर्ने यस ठाउँमा झोलुङ्गे पुलका लागि पटक-पटक माग गरिए तापनि हालसम्म सुनुवाइ नभएको उनको गुनासो छ । 'हिउँदमा फट्के बनाउने र वर्षायाम सुरु हुने बेला झिक्ने यहाँको परम्पराजस्तै बनेको छ', उनले भने, 'विगतका वर्षमा जस्तै यस वर्ष पनि विद्यालयको सक्रियता तथा अगुवाइमा फट्के बनाइएको छ ।' एकपटक फट्के बनाएपछि झण्डै सात-आठ महिनासम्म खोला वारपार गर्न सहज हुने गरेको छ । -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## संविधान संशोधन सधैंको बहस

अहिले संविधानको पक्ष र विपक्षमा बहस भइरहेका छन् । हुन त यो बहस अहिले मात्र होइन केही वर्ष अघिदेखि हुँदै आएको हो । एउटा खेमा संविधान संशोधन गरेर यसैलाई विकसित गर्ने पक्षमा छ भने अर्को खेमा संविधानलाई खारेज गरेर राजतन्त्र पुर्नस्थापना गर्ने पक्षमा आवाज उठाउँदै छ । यी दुई बाहेक तेस्रो मौकापरस्त खेमा पनि प्रकट भइसकेको छ जो सूचनाप्रविधिमा आएका सामाजिक सञ्जालका नयाँ–नयाँ माध्यम प्रयोग गरेर 'पोलिटिकल रोमान्टिसिजम' गर्दैछ । समाजमा वितृष्णा, तिरस्कार र घृणाको पारो ह्वात्तै वृद्धि भएको अवस्था छ । यति मात्र होइन संविधान पक्षधरहरूबीच नै मतैक्य छैन ।

एकथरी राष्ट्रपतीय शासन प्रणालीमा जाने कुरा गर्दैछन्, अर्कोथरी प्रदेश खारेजको कुरा उठाउँदैछन् । कोही कोही राष्ट्रिय सभालाई पूरै समानुपातिक र प्रतिनिधिसभालाई निर्वाचित 'हाउस' बनाउनुपर्ने र अहिलेको जस्तो कुनै पनि राजनीतिक दलले निर्वाचनमा बहुमत ल्याउन नसक्ने परिपाटी सच्याएर अघि बढ्नुपर्ने विषय अघि सार्दैछन् । आफ्नो भागमा ठूलो टुक्रा परोस् भन्नु स्वाभाविक हो तर यसो भन्दैमा अस्वाभाविक रूपमा जति बेला पनि यसको संशोधनको रटान लिनुलाई भने स्वाभाविक मान्न सकिँदैन । न्याय क्षेत्रमा विज्ञहरूमध्ये केहीले अहिले संविधान संशोधनको बेला भएको छैन भनिरहेका छन् । संविधान अपरिवर्तनीय दस्तावेज होइन । यसलाई समयानुकूल परिवर्तन गर्न सकिन्छ तर पहिलो कुरा त्यसका लागि प्रक्रिया पुऱ्याउनुपर्ने हुन्छ । दोस्रो कुरा यदि संशोधन नै हुने हो भने पनि त्यो पार्टी र नेताको मात्र स्वार्थमा गरिनुहुँदैन, राष्ट्रको हितमा मात्र गरिनुपर्दछ ।

सबैको सहमति नलिई संविधान संशोधनका कुनै प्रस्ताव पारित गर्न हुँदन र संविधान संशोधन त्यसै पनि दुई तिहाइ बहुमत विना संशोधन सम्भव छैन । यो सवैधानिक प्रावधानको प्रश्न मात्र होइन, संविधान जारी हुँदै गर्दा यसलाई सर्वसम्मत बनाउने प्रयत्न गरिएको थियो र आज संशोधन गरिने बहस चलिरहँदा पारित हुने समयमा सर्वसम्मति खोज्न सरकारले प्रयत्न गर्नु उसको नैतिक दायित्वमा पर्छ । संशोधनबारेको आशङ्का मूलतः समावेशी समानुपातिक प्रतिनिधित्वलाई खण्डित गर्न गरिँदै त छैन भन्ने छ । यो अहिले असम्भव विषय हो र यसबारे इमानदारीका प्रश्न उठाउनु राजनीतिक विरोधको प्रतिविम्ब मात्र हो ।

### Opinion @ Social Network

थकाइ त यहाँ सबैलाई लाग्छ,
कसैलाइ जिन्दगी देखि त कसैलाइ जिम्मेवारी देखि ।
*(सम्झना क्षेत्रीको फेसबुक स्टाटस https://www.facebook.com/Samjhana.c12)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संघीय निजामती सेवा विधेयक : केही अमान्य व्यवस्था



लक्ष्मीविलास कोइराला

संघीय निजामती सेवा ऐनको विधेयक अहिले संघीय विधायिकामा छलफलको क्रममा छ । १५०० भन्दा धेरै संशोधन प्रस्ताव परेका छन् । स्वार्थ समूहको लहडमा दिइएका संशोधन प्रस्ताव सांसदहरूले दर्ता गराउँदा विधेयक माथिको निजी स्वार्थ छर्लङ्ग देखिएको छ । संघीयता लागू भएको १० वर्ष हुन लाग्दा पनि संघीय निजामती सेवा ऐन पारित नहुनुका कारण के छन् नेताहरूले नै जान्ने विषय हो । तर, सार्वजनिक सेवालाई तटस्थ बनाउने कि प्रतिबद्ध ? कि कर्मचारीतन्त्रलाई स्वतन्त्र छोड्ने ? यस्तै निजामती कर्मचारीको वृत्ति विकासको अवसरलाई फराकिलो बनाउने कि साँघुरो ? यी विषयहरूमा निर्वाचित राजनीतिज्ञ, सरकार, कर्मचारी प्रस्ट हुनु जरूरी हुन्छ । किनकि विधेयक सम्बन्धी उद्देश्य प्रस्ट भएन भने विधेयक माथिको छलफल उत्पादक र दूरदृष्टियुक्त हुँदैन । प्रस्ट उद्देश्य विना बनाइने कानूनले देशको समस्त शासन सञ्चालनमा दीर्घकालीन रूपमा नकारात्मक प्रभाव पार्दछ । विधेयकमाथि सांसद सँगसँगै विधायिकामा प्रतिनिधित्व गर्ने दलहरूले देशको कर्मचारीतन्त्रलाई कसरी परिचालन गर्ने हो ? स्पष्ट धारणा विकास गर्नुपर्दछ । सक्षम, उत्तरदायी र नैतिकवान् कर्मचारीतन्त्र बनाउन विधेयकमाथि विहङ्गम छलफल आवश्यक छ । सत्तासीन राजनीतिक दललाई मात्र पोस्ने प्रशासन बनाउने ध्येय र नाममात्रको छलफल तथा ह्वीप र बहुमतको आधारमा विधेयक पारित गर्ने धृष्टता राजनीतिक दलहरूले गर्ने छैनन् भन्ने मेरो विश्वास छ । संघीय निजामती सेवा ऐनको प्रस्तावित विधेयक अध्ययनबाट मैले विगतको ऐनको पुनर्लेखन नै धेरै भेटेको छु । यद्यपि, मेरो अध्ययनमा देखेका केही महत्वपूर्ण पक्षहरू यहाँ केलाउने जमर्को पनि गरेको छु । विधेयक अध्ययनको क्रममा ढोकैमा दफा (२) (ङ) मा रहेको निजामती कर्मचारीको परिभाषाले ठेस लागिहाल्यो । अहिले प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरू आफूहरू निजामती हो/होइन निश्चित नभएको भनिरहेका छन् । नेपालको संविधानको धारा २४३ मा निजामती सेवाको कर्मचारी भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारी सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरू सबै सेवाको पद सम्झनुपर्छ भनेर परिभाषा गरेको छ । नेपाल सरकार भनेको संघीय सरकार होइन भन्ने तथ्य प्रशासनविद्हरूले बुझ्नुपर्दछ । संघीय निजामती सेवा विधेयकले नेपाल स्वास्थ्य सेवा, नेपाल संसद् सेवा, प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवाका सबै पद निजामती पद र संघीय निजामती सेवाको पद, प्रदेश निजामती सेवाको पद र स्थानीय निजामती सेवाको पदमा वहाल रहेको व्यक्ति निजामती कर्मचारी सम्झनुपर्छ भन्न किन नसकेको होला ? अचम्म लाग्यो । सरकारका तीन तहका कर्मचारी बीच एकता, सहयोग र सहकार्यका लागि निजामती कर्मचारीको परिभाषा फराकिलो बनाउन ऐन निर्माताहरूले गोडा कमाउनुपर्दैन ।

संघीय निजामती सेवा विधेयकको दफा (४) मा संघीय निजामती सेवा सञ्चालनका सिद्धान्तहरू राखिएका छन् ।निजामती सेवा सञ्चालनका सिद्धान्तहरूलाई ऐनमा पहिलो पटक प्रवेश गराउन खोजिएको राम्रो पक्ष हो । नेपालको संविधानको धारा (२५८) मा टेकेर संघीय निजामती सेवा ऐनले प्रदेश र स्थानीय तहमा तर्जुमा हुने निजामती सेवा ऐनको मार्गदर्शक हुने अधिकार राखेको छ । विधेयकमा राखिएका सिद्धान्तहरूलाई विधेयकको अन्य दफामा भन्नु भन्दा यही दफामा यी सिद्धान्तहरू संघ, प्रदेश र स्थानीय निजामती सेवा सञ्चालनका सिद्धान्तहरू हुनेछन् भनेर लेख्न सके पढ्न र बुझ्न सजिलो हुने र विधेयक अनावश्यक रूपमा लामो पनि हुने थिएन । विधेयकको दफा (५) मा संघीय निजामती सेवा अन्तर्गत १० सेवाहरू रहने व्यवस्था गरिएको छ । विधेयकले नेपाल स्वास्थ्य सेवाको हकमा एक लाइन बोल्न सकेको देखिँदैन भने प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार सेवाहरू रहन सक्नेछन् भनेर मार्गदर्शन गर्न पनि विधेयक चुकेको छ । नजामती सेवामा नियुक्त पदाधिकारीले आफ्नो कार्य विवरण अनुरूप इमानदारीसाथ कार्य सम्पादन गर्नुपर्दछ । कार्य सम्पादन सम्झौता गरिसकेपछि पनि राजनीतिक वा प्रशासनिक स्वार्थले सम्झौताहरू असमयमा नै टुहुरो हुने अवस्था चुनौतीपूर्ण छ । जुन समाधानमा विधेयकले बोल्न सकेको छैन । निजामती सेवामा नियुक्त पदाधिकारीले आफ्नो कार्य विवरण अनुरूप इमानदारीसाथ कार्य सम्पादन गर्नुपर्दछ । कार्य सम्पादन सम्झौता गरिसकेपछि पनि राजनीतिक वा प्रशासनिक स्वार्थले सम्झौताहरू असमयमा नै टुहुरो हुने अवस्था चुनौतीपूर्ण छ । जुन समाधानमा विधेयकले बोल्न सकेको छैन । खुला प्रतियोगिताको लागि छुट्याइएको पदपूर्तिको प्रतिशत आन्तरिक प्रतियोगिताबाट पदपूर्ति हुने नवौं तहमा १० प्रतिशत र एघारौं तहमा १० प्रतिशत कायम गर्न उचित हुन्छ । साथै, विधेयकमा संघ, प्रदेश र स्थानीय तहको निजामती एकै प्रकारको सेवामा कार्यरत कर्मचारीले आन्तरिक प्रतियोगितामा भाग लिन सक्ने व्यवस्था प्रस्ताव गर्नुपर्दछ । निजामती सेवालाई समावेशी बनाउनको लागि वर्तमान ऐनमा भएको व्यवस्थालाई सुधार गर्दै विधेयकको दफा (११) ले खुला प्रतियोगिताबाट पदपूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा खस आर्य, आदिवासी जनजाति, मधेशी, थारू, दलित, मुस्लिम, पिछडिएको क्षेत्र र अपांगता भएका महिलाहरू बीच मात्र पदपूर्ति गर्ने व्यवस्था गरेको छ । अनि बाँकी ५० प्रतिशत पदहरूमा आदिवासी जनजाति, मधेशी, थारू, दलित, विपन्न, खस आर्य, मुस्लिम, पिछडिएको क्षेत्र र अपांगता भएका व्यक्तिहरूले मात्र प्रतिस्पर्धा गरी पदपूर्ति गरिने व्यवस्था गरेको छ । आरक्षणलाई ४५ प्रतिशत बढाएर ४९ प्रतिशत बनाउने प्रस्ताव नितान्त पश्चगामी, असान्दर्भिक र प्रतिगामी देखिन्छ । यस घडीमा बंगलादेशमा आरक्षणको विरुद्ध भएको आन्दोलनबाट हामीले केही न केही त सिक्नै पर्ने हो । निजामती सेवा ऐन सरकारी कर्मचारी प्रशासनको माउ ऐन हो । यस विधेयकले आरक्षण नीति परिमार्जन गर्दा बर्सेनि नेपालका मेधावी शिक्षित युवा विदेशिएको दृश्य भुलेको छ । मेधावी युवाहरूका लागि निजामती सेवामा आकर्षित गर्न महिला र पुरुष दुवैतर्फ सबै समूहलाई छुट्याइएको प्रतिशतबाट केही प्रतिशत घटाई एकेडेमिक परीक्षामा तोकिएको न्यूनतम योग्यतामा कम्तीमा ७५ वा ८० प्रतिशतभन्दा बढी अंक ल्याई उत्तीर्ण गर्नेहरूका लागि विधेयकको दफा (११) को उपदफा (२) र (३) मा १०/१० प्रतिशत आरक्षण गर्ने व्यवस्था राख्न अनिवार्य देखिन्छ । विधेयकमा मधेश प्रदेशमा पहाडियालाई आरक्षण दिने सम्बन्धमा बोल्नुपर्छ कि पर्दैन ? विधेयकको दफा (११) को उपदफा (१०) मा रहेको आरक्षण सुविधा एक व्यक्तिले राजपत्र अनद्रित पदमा एक पटक र राजपत्राद्रित पदमा एक पटक मात्र लिन पाउने (एक व्यक्ति एक मौका) व्यवस्था सुन्दर छ, सर्वोच्च अदालतको आदेश अनुकूल छ । प्रदेश र स्थानीय तहमा समायोजन भई गएका कर्मचारीहरूमध्ये प्रदेश र स्थानीय तहमा बनाइएका निजामती सेवा ऐनहरूको अभ्यासले कनिष्ठ बढुवा हुने र वरिष्ठको बढुवा नहुने प्रावधानहरूको दृष्टान्त दिएको छ । संघीय निजामती सेवा ऐनले प्रदेश र स्थानीय तहमा समायोजन ऐन अनुसार समायोजन भएका कर्मचारीहरूको सेवा सुरक्षा, वृत्ति विकास र आर्थिक सुरक्षाको सुनिश्चितता गर्न तथा संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीका लागि बढुवा तथा बढुवाका खुला प्रतिस्पर्धात्मक अवसरहरू समान रूपमा उपलब्ध हुने आवश्यक व्यवस्था गर्नुपर्दछ । नेपालको सार्वजनिक प्रशासनमा पदस्थापन, सरुवा र बढुवामा देखिने गरी राजनीति हुने गरेको छ । ऐनमा पदस्थापन शैक्षिक योग्यता, तालिम र अनुभवको आधारमा गर्ने, निजामती कर्मचारीलाई सरुवामा चक्रीय प्रणाली अवलम्बन गरी भौगोलिक क्षेत्रको अनुभव दिलाउने पूर्वानुमान योग्य बनाउने र पारदर्शी हुने गरी राजपत्राद्रित प्रथम श्रेणीको कर्मचारीको एक वर्ष र अन्य कर्मचारीको दुई वर्षमा सरुवा गर्ने भनेर ऐनमा लेखिए पनि कहिल्यै पालना भएको देखिँदैन । यस विधेयकले पनि सरुवाका ती प्रावधानहरूलाई दोहोऱ्याएको छ । सो प्रावधानको पालनालाई शुद्ध राजनीतिक मनको सुनिश्चितता कसरी गर्ने हो ? 'सरुवा शिकार' रोक्ने भरपर्दो उपाय ऐन निर्माताहरूले खोज्न सक्लान् कि, नखोज्लान् ? विधेयकले नेपाल सरकारको मुख्य सचिव पदमा हुने बढुवाका सम्बन्धमा रहेका आलोचनाका प्वालहरू टाल्न र स्पष्ट सुधारका आधारहरू प्रस्तुत गर्न सकेको छैन । नेपाल सरकारको सचिव अर्थात् तेह्रौं तहको पदमा हुने बढुवालाई क्लस्टरको आधारमा नियमित हुने व्यवस्थालाई निरन्तरता दिएको छ । यस व्यवस्थाले विगतमा सचिव हुनका लागि कान्छाहरू दौड्ने र बाजी मार्ने चलनको अन्त्य भएकोले राम्रो मान्नुपर्दछ । निजामती सेवाको कार्यसम्पादनमा कमजोर देखिनुको पहिलो कारण कर्मचारीको कार्यसम्पादन मूल्यांकन यथार्थवादी नहुनु हो । सबै कर्मचारीले कार्यसम्पादन मूल्यांकनमा पूर्णाङ्क प्राप्त गर्ने ल्याकत भएपछि काम किन पो गर्नु पऱ्यो र ? निजी कर्पोरेट हाउसमा जस्तो कर्मचारीलाई अगाडि राखेर दिइएको जिम्मेवारीमा यी-यी काम सन्तोषजनक नभएकाले मूल्यांकन गर्दा अंक घटाएको छु भनेर हाकिमले भन्न नसक्दासम्म कार्यसम्पादन मूल्यांकनको उद्देश्य पूरा हुने देखिँदैन ।

निजामती कर्मचारीलाई सार्वजनिक सेवा प्रवाह गर्न बढी उत्तरदायी र उत्प्रेरित बनाउन पनि सक्ने देखिंदैन । यसकारण निजामती कर्मचारीलाई जिम्मेवार बनाउन कार्यालय प्रमुखले सरकारी सेवाबाट हटाउने बाहेक अन्य सजायको लागि लोक सेवा आयोग परामर्श विना नै तत्काल निलम्बन गर्न सक्ने प्रावधान राखेर निजी क्षेत्रमा अभ्यास भएको 'हायर एण्ड फायर' रणनीतिको सुधारिएको प्रावधान संघीय निजामती सेवा ऐनमा भित्र्याउन ढिलो गर्न नहुने मेरो राय छ । यो विधेयक पढ्दा बढुवाको लागि कुन शीर्षक अर्थात् कार्यसम्पादन मूल्यांकन, ज्येष्ठता, भौगोलिक क्षेत्र तथा शैक्षिक योग्यता र तालिम बापत कर्मचारीले कति अंक पाएर बढुवा हुने हो मैले पढ्न पाइनँ । 'क्लाउड' मा राखेको छ कि ? वा, मेरा पावरवाला चश्माले नदेखेको हो कुन्नि ? विधेयक मस्यौदाकारले यो पनि प्रस्ट पारिदिनुहुन्छ कि-यो कि नियममा राख्ने हो ? विधेयकले कार्यसम्पादन मूल्यांकनको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको सुपरीवेक्षक तथा पुनरावलोकन समितिको सम्बन्धमा गरेको प्रस्ताव भने प्रशंसनीय छ । विधेयकले निजामती सेवाको कर्मचारी अवकाश हुने उमेर ६० वर्ष बनाउने गरी प्रस्ताव गरेको छ । कर्मचारी अवकाश उमेर ६० वर्ष बनाउन पाए नेपाल सरकारको सचिव पदमा खुट्टा टेक्न सकिन्छ भनेर म पनि निकै दौडिएको थिएँ । अवकाशपछि कर्मचारीहरू परामर्श सेवामा क्रियाशील भएको देख्दा मलाई कर्मचारीका अवकाश उमेर त ६० नभएर ६५ वर्ष पुऱ्याउँदा पनि हुने रहेछ जस्तो लागेको छ । अवकाश भएपछि निवृत्तिभरणको निकै माया लाग्दो रहेछ । अर्थ व्यवस्था चर्मराएको बेलामा साथीहरूले पेन्सन पनि दिन सक्दैन कि क्या हो सरकारले भन्दा सकस हुने गर्दछ । यसकारण, योगदानमा आधारित निवृत्तिभरण प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहमा अनिवार्य लागू गर्नुपर्ने र सोको लागि निवृत्तिभरण कोषको व्यवस्था पनि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विवादास्पद मामिला सुल्झिनेछ । माताको स्वास्थ्यमा सुधार आउनेछ। | **तुला** :अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। बेसुरको निर्णयले समस्या आउला। |
| **वृष** : धैर्य र पराक्रममा वृद्धि हुनेछ। नौकरी वा पेशामा प्रभाव बढ्नेछ। | **वृश्चिक** :परिस्थिति अनुकूल देखिए पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ। |
| **मिथुन** : आर्थिक पक्ष सबल रहनेछ । नोकरी वा पेशामा अवसर मिल्नेछ । | **धनु** :पछिका लागि गरिएको मेहनत र लगानीले अवश्य फाइदा दिनेछ। |
| **कर्कट** : आत्मीयताले मनमा खुसी बढ्नेछ। कार्यक्षेत्रमा पद प्रतिष्ठा बढ्नेछ। | **मकर** :अवसर र व्यवधानको उतार चढावबाट न्यून प्रतिफल प्राप्त हुने छ। |
| **सिंह** :कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। | **कुम्भ** : निर्णायक मोडमा दुविधा उत्पन्न हुने हुँदा विशेष सजगता अपनाउनुहोला। |
| **कन्या** : शान्तिपूर्वक प्रस्तुत गर्ने प्रयास गर्नुहोला। व्यापारमा सामान्य लाभ रहनेछ। | **मीन** :सहयोगीहरूले साथ नदिए पनि केही काम सम्पादन हुने छन्। |




लघुकथा ● पुष्कर अथक रेग्मी

# सरको चिया पसल



"नमस्कार सर !" भन्दै एउटा युवक होटल भित्र पस्छ । पसलेले पनि प्रत्युत्तरमा नमस्कार फर्काउदै भन्छ, "कता नी बाबु, अचेल के गर्दै छौ ?" "क्याम्पस पढ्दैछु । अँ त सरले पसल खोलेको चालपाएर सरको चिया पसलमा चिया पिंउ भनेर नी ! कहिलेदेखि खोल्नु भएको सर ?" युवकले हाँस्दै बस्दै भन्छ । "धेरै भएको छैन, यस्तै डेढ दुई महिना जति भयो, के गर्ने त उभो लाग्ने कोशिस गर्नु पर्यो नी !" पसलेले खिन्न हुँदै जवाफ दियो । चिया आईपुगेकोले युवक चिया पिउन लाग्यो । पसले आफ्नै काममा तल्लिन भएर रक्सी र चुरोट प्रेमीहरुको चित्त बुझाउँदै थियो । युवकले जाने बेलामा मनको खुल्दुली मेट्न एउटा प्रश्न गर्यो, मुसुमुसु हाँस्दै, "सर ! स्कूलमा छँदा तपाईले मलाई, हामीलाई, सबै विद्यार्थीहरुलाई भन्ने गर्नुहुन्थ्यो कि रक्सी चुरोटको सेवन नगर्नु र अरुलाई पनि त्यसको सेवन गर्नबाट रोक्नु भनेर तर आज आएर सर तपाईले नै किन रक्सी र चुरोट बेच्न थाल्नुभएको ?" पसलेले त्यस युवक अर्थात् आफ्नो स्कूले विद्यार्थीलाई जवाफ दिन त्यतिबेला शब्दनै भेटाएन्, बाध्यता र विवशताले गर्दा चुपचाप खिसिक्क हाँसिदियो तर उसको मन भट्किरह्यो । शान्त पार्नलाई उसले अतितको स्मरण गर्न थाल्यो ...।

उसको खास नाम त मित्रलाल थियो तर पनि सबै विद्यार्थीहरुले उसलाई मित्रु सर भनि चिनेका थिए । मित्रुलाई देख्नासाथ सब थर्कमान हुन्थे । साना-साना सिगान पुछ्न नजान्ने नानीहरुदेखि लिएर ठूला -ठूला प्रवेशिका स्तरमा नानीहरुको नजरमा पनि उ उत्तिकै प्रेक्षणीय व्यक्तित्व थियो । उसले लगन र कर्तव्यनिष्ठाका साथ निरन्तर स्कूलमा अटुटरुपमा सेवा गर्‍यो । ईमानदारी, वफादारी, मेहनती, परिश्रमी र विद्यार्थीप्रिय भएकोले नै उसलाई नजानेर पनि कसैले पछाडी पनि गाली गरेनन् । उसका समकालीन सरहरु, साथीहरु पनि कुनै सरकारी अड्डामा जागिरे भए भने कति त उद्योग कलकारखाना तिर भने, कतिले स्कूलमा अध्यापनको अतिरिक्त घरमा ट्यूसन चलाए । उसको विषयमा अधिकांश विद्यार्थी पास हुनाले नै उसले ट्यूशन चलाउने कल्पनासम्म पनि गर्न सकेन । विद्यालय र विद्यार्थीको भविष्यमा समर्पित उसले २५ औं वर्ष बिताई सक्यो । देख्दा देख्दै उसले पढाएका विद्यार्थीहरु इन्जिनियर, डाक्टर, प्राध्यापक, वकिल, पाइलट, सचिव भएर निस्किए । उसलाई भने शीरमा ढाका टोपी, कमिज, पाइन्ट, खुट्टामा सामान्य जुत्ता पहिरिएर, हातमा चक, डस्टर अनि रजिष्टर समात्न टुटेन । उसको डेरा सामुन्ने नै बस्ने गरीव खत्रीले परहार मात्र चिया पसल खोलेको थियो भने पोहोर रेष्टुरामा परिणत गराएका थियो । अहिले आएर बहाल गरेर बसेको त्यही घरलाई आफ्नै नाममा किनिसक्यो भने सडक लाईनमा एउटा राम्रो चिटिक्कको घडेरीको बन्दोवस्त पनि मिलाई सक्यो । यसरी आफ्नै आँखाले देख्दादेख्दै, भोग्दाभोग्दै चार वर्षकै अन्तरालमा खत्रीले आफ्नो जीवनस्तर उकासिसक्यो । ऊ लखपति बनिसक्यो । मित्रु सरको आँखाले यो सबै देखेकोले, मित्रु सर आफू भने सधै उही पहिरन र यात्रामा हिडेको चालपाएर उसले पनि स्कुलमा शिक्षण पेशा चटक्कै त्यागेर केही बर्षमै आफ्नो जीवनस्तर उकास्ने विचारले चिया पसल खोलेको छ । जहाँ उसले आफ्नो आदर्शलाई थाती राखेर चिया, चुरोट, खैनी, सुर्ती, रक्सी, वियर, मम र सुकुटी आदि सबै बेच्दैछ । ***(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष,शीत र त्रिशूल काव्यका परिकल्पनाकार समेत हुन्)***

बाल कथा ●

# गोरुको खेल स्यालको झेल



नेपालीमा एउटा भनाइ छ भाइ फुटे गवार लुटे । यसको अर्थ हो दाजुभाइ मिलेर बस्नुपर्छ । यदि उनीहरूमा फुट आयो भने कमजोर बन्छन् र यसैको आधारमा अरूले खेल्ने अवसर पाउँछन् । परिवारभित्र झगडा हुँदा नै छिमेकीले टाउको उठाउने हुन्, उठाउने अवसर पाउने हुन् । त्यतिसम्म त ठीकै मानिएला । छिमेकीले टाउको उठाउनु नराम्रो नहोला तर पारिवारिक विखण्डको बिऊ रोपिने वा रोपिन सक्ने भनेको त्यसपछि नै हो । त्यसैले यस्तो अवस्था भरसक आउन दिनुहुँदैन । धेरै पहिलेको कुरा हो एक दिन एउटा स्याल कुनै गाउँको छेउबाट जाँदै थियो । संयोगवश त्यस दिन सो गाउँमा हाट अर्थात् बजार लागेको रहेछ । प्राय: गाउँघरमा शहरबजारतिर जस्तो सँधै बजार लाग्दैन । हप्तामा एक दिन मात्र लाग्छ । गाउँलेहरू त्यसै दिन आफ्ना घरमा भएका चीजहरू बिक्रीमा लान्छन् । ग्राहकहरू पनि एक हप्तालाई पुग्ने सामान त्यसै दिन किनेर राख्छन् । बजारमा मानिसहरूको भीड ठूलै थियो । कतै घरायसी सामानको खरिद बिक्री भइरहेका थिए कतै पशुचौपायको बजार लागेको थियो । कतै बालबालिकाले खेल्ने पिङ थियो । कतै गोरु जुदाइको खेल भइरहेको थियो मानिसहरू चित्याएर खेलको आनन्द लिरहेका थिए । हल्ला सुनेर स्याल पनि के रहेछ भन्दै त्यतै लाग्यो । नजिकै गएर हेर्दा दुईवटा गोरु जुधेको देख्यो र छक्क पर्‍यो । गोरु दुवै उस्तै बलिया थिए । एकै छिनमा एउटाले जित्लाजस्तो हुन्थ्यो तत्कालै अर्कोले जित्ने तरखर गर्थ्यो । जुधाइ जबरजस्त थियो । दुवैले आ-आफ्ना सिङले हानेर एकले अर्कोलाई रक्ताम्य बनाएका थिए । तैपनि रोकिने नामोनिसानै थिएन । उनीहरूलाई न रगत बगेको थाहा थियो न थकाइको नै हेक्का थियो । संयोगवश उनीहरूको रगतको केही थोपा स्यालको मुखमा पनि पर्‍यो । जब रागत चाख्न पायो तब उसको मुखबाट न्याल चुहिन थाल्यो । गोरुको ताजा रगतको स्वाद पाएपछि उसले आफूलाई थाम्न सकेन र आफ्नो शक्तिको ख्यालै नगरी गोरुलाई मारेर पूरै रगत खाने विचारले आक्रमण गर्न पुग्यो । तर, भइदियो के भने जब उसले आक्रमण गरेको थियो तब गोरुले यसरी कसेर लात्ती हान्यो कि ऊ तीन हात पर पुगेर पछारियो । अन्तत: त्यहीँ उसको प्राणपखेरु उड्यो । यसरी लोभले आन्धो भएर स्यालले आफूभन्दा ठूलो शक्तिमाथि जाई लाग्न खोज्दा जीवनबाटै हात धुनुपर्‍यो । धेरै पहिलेदेखि पढ्दै र सुन्दै आएको यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर आपसी झगडा र लोभको परिणाम भने जहाँ पनि यस्तै हुन्छ ।

आपसमा झगडा गर्दा त्यति ठूलो गोरुलाई स्यालले पनि आक्रमण गर्ने हिम्मत गर्‍यो । उता आफ्नो शक्तिको विचार नगरी धेरै खान खोज्दा स्यालको ज्यान गयो । त्यसैले झगडा कसैसित पनि राम्रो होइन । त्यसमाथि पनि अफ्नै वंश र बन्धुवान्धवबीचमा त कहिले पनि गर्नुहुँदैन । त्यस्तै लोभ पनि आफ्नो शक्तिभन्दा बढी गर्न हुँदैन । लोभ जन्मजात गुण भएकाले गर्नै हुँदैन भन्न त सकिन्न । किनकि लोभ नगरी कोही पनि बस्न सक्दैन तर त्यति मात्र गर्नु राम्रो हुन्छ, जति आफूमा पचाउन सक्ने शक्ति छ । अन्यथा लोभले लाभ, लाभले विलापको नियति भोग्न वाध्य हुनुपर्छ ।

***-रातोपाटी डटकम***

निबन्ध ● गोपी मैनाली

# असल आचरण कोबाट सिक्ने ?

'प्रेमले भरिएका आँखा, श्रद्धाले झुकेको शिर, सहयोग गर्दै गरेका हात, सत्मार्गमा हिंड्दै गरेका पाउ र सत्यसँग जोडिएको जिब्रो ईश्वरले धेरै मन पराउँछन् । सदैव तपाईंका आँखा, शिर, हात, पाउ र जिब्रो मानवता र सामाजिक कार्यमा सफल होस् । पराइलाई पनि कार्यका हातले आफ्नो बनाउन सक्नुहोस् ।' साथी दुर्गा फुयालले अर्का साथी गणेश भट्टको छोरा पेशलको जन्मदिनमा सामाजिक सञ्जालमार्फत् दिएका शुभकामनाका यी पङ्क्तिहरूको विन्यास र व्याकरण जेजस्तो भए पनि अभिव्यक्तिको आशय भने स्पष्ट छ, समाजमा असल संस्कृति आवश्यक छ, तर अहिले त्यसको अभाव छ । प्रत्येक व्यक्तिले आफ्नो जन्मदिनका दिनमा यिनै कुरा मनन गर्नुपर्ने र प्रत्येक शुभचिन्तकले पनि मानिसका आँखा, शिर, हात, पाउ र जिब्रोलाई सही ठाँउमा ल्याउन मनमा विवेक र मस्तिष्कमा असल सोच राख्नु पर्नेभएको छ । दुर्गा र पेशल त विम्ब मात्र हुन् । यी पाँच अङ्गहरू मानिसलाई असल वा खराब बनाउने कर्ता हुन् तर यसको निर्देशक चाहिं मस्तिष्क । आखिर अङ्गहरू त निर्देशक मगजका निर्देशन मान्ने पार्टपुर्जा मात्र हुन् । निर्देशकले आँखालाई सुदृष्टि राख भन्नुपर्छ, ताकि आँखाहरू खराब कुरामा नलोभिउन् । निर्देशक मगजले शिरलाई अरुको आदर गर, श्रद्धा गर र झुक भन्नुपर्छ, ताकि अहम्, दम्भ, मपाईंत्व, उच्चताभास, लघुताभास हटाउन सकियोस् । हात र पाउलाई कर्म र परिश्रम गर, आलस्यमा नरमाउ भन्नुपर्छ ताकि कर्मले बाच्ने आदत बनोस् । र, स्वादे जिब्रोलाई भन्नुपर्छ, सत्यमा रमाऊ तर स्वादमा नलोभिए । त्यस्तो आदेश दिने मस्तिष्क भने झनै स्वच्छ र मन विवेकी हुनुपर्दछ । किनकि अङ्गहरूले आदेश पालन मात्र गर्ने हुन्, आदेश दिने असल भए पालना स्वत: असल हुन्छ । नेपाली समाज वैदिक दर्शन र पूर्वीय संस्कृतिबाट प्रभावित/पोषित समाज हो, जहाँ इमानदारिता र सत्चरित्रलाई सर्वस्व मानिन्छ । वैदिक र पौराणिक कालदेखि विकासदेखिका गीता, वेद, पुराण, रामायण, मनुस्मृति, विदुरनीति, चाणक्य नीति, अष्ठसिद्धि आदि पूर्वीय दर्शनका स्रोत हुन् । गीता आशक्ति, क्रोध र लोभलाई नर्क जाने ढोका हुन् भन्ने उद्घोष गर्छ र यसबाट अलग रहन शास्त्र (नीति), धर्म (आचरण) र कर्म (निष्ठा) अवलम्वन गर्न आह्वान गर्दछ । नीति, आचरण र निष्ठाबाट चल्ने राज्यप्रणालीले समाजमा असल संस्कृति बसाउँछ । पूर्वीय दर्शन राज्य प्रणाली राम्रो हुन आदर्श, इमान र निष्ठामा रहने राज्यकौशललाई जोड दिन्छ । राजनेताहरू आदर्श, इमान्दार र निष्ठावान बने समाज त्यसबाट शिक्षित हुन्छ, प्रभावित हुन्छ र असल सोच, समझदारी र असल कर्म गर्नतिर लाग्दछ । निर्देशक मगज राजनीति हो र यो सधैं नैतिकता र इमान्दारीको बाटो हिंड्नुपर्छ, अनिमात्र पार्टपुर्जाहरू याने कि राज्यका अरु संरचना र कर्मचारीतन्त्र सही मार्गपरस्त हुन्छन् । सार्वजनिक ओहोदामा रहेकाहरूको आचरण र व्यवहार जति असल भयो, त्यसैको आधारमा समाजमा असल संस्कृतिको विकास हुने हो, प्रसार हुने हो । जिम्मेवारीका उच्च तहहरू नैतिक र उदाहरणीय बन्नु सार्वजनिक दायित्व पनि हो । कसैलाई कुनै जिम्मेवारीमा पत्याउनुका पछि उसबाट समाजले असल आचरण र कर्मको रक्षा गर, त्यसका लागि आफैं उदाहरणीय बन भनेको हुन्छ । त्यसैले कतिपय



मुलुकमा ठूला सार्वजनिक जिम्मेवारी सुम्पिनु अघि उसको आचरण र गुणको परीक्षण (भेटिङ) गरिन्छ । नैतिक आचरणको परीक्षणले व्यक्ति खास जिम्मेवारीमा कति इमान्दार (व्यावसायिक र नैतिक रूपमा) छ भनेर हेरिन्छ । आजभोलि यसलाई वृत्ति सदाचारिता भन्न थालिएको छ । राजकीय जिम्मेवारी ( राजनैतिक, मनोनित तथा परीक्षित) लिने सबैले वृत्ति सदाचारिता सिद्ध गर्नु पर्दछ । त्यसो गर्न आत्मलाई साक्षी राखेर शपथ लिइएको हुन्छ । किनकि, ऊ समाजको जानेबुझेको मानिस हो, उसलाई विश्वास गरेर शक्ति र स्रोतसहित जिम्मेवारी पनि दिइएको हुन्छ । उसबाट समाजले सिक्ने हो, उसले समाजलाई सिकाउने हो । जिम्मेवारीका ओहोदाहरू कानूनी शब्दबाट मात्र चल्ने अपेक्षामा हुँदैनन्, त्यहाँ आशिन हुनेहरू समाजको रोल मोडेल हुनुपर्छ, स्टाटस सिम्वोल बन्नुपर्छ । व्यक्तिबाट संस्था बन्नुपर्छ । नैतिक संस्थाहरू असल आचरणका खानी हुन् भन्ने सिद्ध गर्नुपर्छ । स्वार्थको समर्पण गर्ने उदारतामा रहनुपर्दछ, सबैलाई समान देख्ने विशाल छाती र न्याय गर्ने विवेकी मनमा हुनुपर्दछ । समाज सधैं असल मानिसको खोजीमा हुन्छ । असल मानिसका लागि व्यक्तिगत आचरण र व्यवहार पनि असल हुनुपर्दछ । ऊ लोभ, लालच, दम्भ, शक्तिको माद, मद र मात्सर्यमा रहनुहुन्न । ऊ लघुताभाष र उच्चताबोधका कमजोरीभन्दा माथि हुनुपर्छ । पद, पैसा, पहिचान, प्रतिष्ठा र प्रेममा आग्रही हुनुहुन्न । असल मानिस वैयक्तिक स्वार्थ सामूहिक स्वार्थमा समपर्ण गर्दछ । असल बुझाइ, असल चाहना र असल गराइको समष्टि नै असल मानिस हो । कथम कमजोरी भइहालेमा क्षमा र पश्चातापबाट स्वयम् दण्डित हुन्छ । स्वयम् नियमन र स्वयम् दण्डले मानिस शुद्ध बन्छ । राष्ट्र निर्माण र समाजको विवेकपूर्ण पुननिर्माणका लागि असल मानिसको जरुरी हुन्छ । कलिला लोकतन्त्र र बेथितिले गाँजेको समाजमा असल मानिस र असल संस्कार झनै जरुरी हुन्छ । निर्देशक मगज असलहरूसँग काम गर्न सहज हुँदा मात्र नेता, नीति र नेतृत्व असल बनी सदाचार र सुशासन हुन्छ । समाजलाई असल बन्न बाटो देखाउन सार्वजनिक बौद्धिक, स्रष्टा, कलाकार, अभियन्ताहरू निरन्तर लागि रहन्छन् । स्रष्टा र दार्शनिकहरू समाजको सुकिलो चित्र, सरल जीवन, स्वच्छ समाज, सभ्य संस्कार र सुशासित शासनका लागि सिर्जना गर्दछन् । अक्षरभित्रको आत्मा असलपन र अस्तित्वको चिराग हो । सिर्जना र कलामा स्रष्टाका राम्रा सोच, भावना, असल पात्र र असल चरित्रव्यापार हुन्छ । जीवन जस्तो उस्तै चरित्र दिने स्रष्टाहरू, जीवन्त चरित्रलाई उठाउने स्रष्टाहरू पाठक/दर्शकका मनभरि टाँगिन्छन् । ओशोले निकोस काजान्जाकिसलाई जोर्वा जस्तो जीवन्त चरित्र दिएकोमा मुक्तकण्ठले प्रशंसा गरे । तर समाजमा राम्रो चरित्र लेख्ने र राम्रो आचरण नगर्ने स्रष्टाहरूको बोलबोला छ । राम्रो गरौं भन्नेहरूले राम्रोको उदाहरण आफैं बनेमा आफ्नो सिर्जनाको अन्तरबोध स्वयम् उनीहरूमा हुने थियो । असल अन्तरबोध भएमा अक्षरका आत्मा कति प्रदीप्त हुने थिए ? मानिस राम्रो कुराको अपेक्षी छ तर आफैंचाहिं बाटो बिराउँछ र अरुबाट राम्रोको अपेक्षा गर्छ । केही नलिइ जन्मिने मानिस केही नलिगी जान्छ तर जीवनभर भने लिइरहन्छ । लिनका लागि रीस, राग, ईर्ष्या, द्वेष, दुर्भाव गर्छ र आफ्नो त्यही पहिचान छाडेर जान्छ । जीवनलाई सरल भन्दा जटिल देख्छ र जीवनभर जटिलतामै जलेर बस्छ । बुझ्दाबुझ्दै पनि मानिस भुल्छ र सधैं भ्रममा रहन्छ । भ्रमको भमरीबाट बाहिर निस्कने मानिस आफ्नै कर्मले पदचाप छाडेर जान्छ । जीवनलाई कर्म र आचरणलाई धर्म भन्ने सोच्न, बुझ्न र गर्न पछि नपर्नेहरू नै असल मानिस हुन् । शुभकामना, आशिक र उपदेशको अन्तर्य यही हुनुपर्छ । समाजमा असल सोच, आचरण र कर्म हराँउदै गएका छन् । नैतिक मूल्य र संस्कारहरू बनावटी मूल्यबाट विस्थापित हुँदैछन् । बनावटी मूल्य निकै बलिया बनिसके, समाजलाई विकृत बनाइसके । मानवीय संवेदना हराउँदै छन् । सहयोग र संवेदना चाहिने विपदका समयमा पनि स्वार्थ र लालसा चुलिएको छ । नकारात्मक भावना, लोभ, ईर्ष्या, दाउपेच, दम्भ र अहङ्कार बढ्दै गएको छ । ठूला आहोदाधारीहरू अहङ्कारको सगरमाथा बन्दैछन् । शब्दका बाढीले सत्यलाई रङ्गाइएको छ र सत्य पराजित छ । प्रतिष्ठा र प्रशंसा पनि प्रायोजनमा छन् । अनपेक्षित शक्ति अभ्यासले विश्वास भत्किदैछ । वर्षौंमा बनेका रितिथिति क्षणभरमा भत्किदैछन् । असल संस्कार बसाउन धेरै समय लाग्छ, भत्किन एउटा घटना नै काफी छ तर यसप्रति चिन्ता राखिएको छैन । यो क्रम बढ्दै जाँदा समाज विगठनतिर लम्किन्छ । असल कुरा असल व्यक्ति र नैतिक धरातल उच्च भएका व्यक्तिहरूले नै दिनुपर्छ । इमानदार र असल आचरण भएका व्यक्तिहरू नै नैतिकताको अन्तरबोध गर्छन् । विषय अन्तरबोध गर्न नसक्नेले असल आचरणका कुरा गर्दा असल आचरण झनै पाखा लाग्छ । नैतिक आचरणको उपदेश अनैतिकहरूले दिए भने, ज्ञान र विवेकको उपदेश अज्ञानी र दम्भीहरूले दिए भने सामाजिक मूल्य आचरणले गिज्याएको महसूस गर्छ र असल आचरण किनारा पर्छ । नैतिक संस्थाको नेतृत्व अनैतिकहरूले लिँदा संस्थाहरू वैधता र नैतिक धरातल गुमाउन पुग्छन् । बेथितिको थिति बस्छ र शक्तिको उन्मादले संस्थाहरू खोक्रा बन्दछन् । त्यतिबेला असल संस्कार बसाउने कुरा धर्मयुद्ध सरह हो । नरम राज्य प्रणाली भएका मुलुकमा असल आचरण सिकाउने संस्थाहरू आफैं स्खलित हुन्छन् । संस्थाहरू सत्कर्म र नैतिक निष्ठाबाट क्षयित भएपछि को कसप्रति जिम्मेवार बन्ने ? असल आचरण कोबाट कसले सिक्ने ? आउने पुस्ता झनै बर्बाद हुनबाट कसरी जोगाउने ? असल शुभकामनाका लागि सामाजिक सञ्जालका भित्ता सजिने विषय मात्र हुन् र ? वा संस्था, समाज र राष्ट्रका निर्देशक मगजहरूले सोच्ने विषय ? ***-साहित्यपोस्ट डटकम***

## आनन्द सहकारीको अध्ययन अवलोकन भ्रमण

# सदस्यहरुका लागि दुग्धजन्य वस्तु र केवलकारमा छुट



**पाल्पा,** मंसिर ३/तानसेनमा सञ्चालित आनन्द बचत तथा ऋण सहकारी संस्थाले विभिन्न क्षेत्रहरुको अध्ययन अवलोकन भ्रमण गरेको छ । सहकारीले विभिन्न ठाउँमा पुगेर एक दिने अध्ययन अवलोकन भ्रमण गरेको हो ।

उसले रुपन्देहीको तिलोत्तमा नगरपालिका -३ मा रहेको डिङ्गरनगर दूरगामी बहुउद्देशीय सहकारी संस्था लि.,कामाख्या मन्दिर दर्शनसँगै लुम्बिनी केवलकार र जितगढीको अध्ययन अवलोकन गर्नुको साथै शेयर सदस्यहरुका लागि विभिन्न सेवामा छुट सम्बन्धी सहमति समेत गरेको छ । विभिन्न ठाउँमा रहेका सहकारीहरुले गरेका गतिविधि, कार्यक्रम र क्षेत्रका विषयमा जानकारी लिई आवश्यकता अनुसार आफ्नो सहकारीमा प्रयोग गर्ने उद्देश्यले अध्ययन अवलोकन गरिएको सहकारीका अध्यक्ष सर्जुलाल बज्राचार्यले बताए ।

भ्रमण टोलीले डिङ्गरनगर दूरगामी बहुउद्देशीय सहकारीले गरेका गतिविधि र कार्यक्रमका बारेमा जानकारी लिएको छ भने आफ्नो संस्थाका बारेमा समेत जानकारी गराएको छ । त्यहाँ बचत तथा ऋण सहकारी संस्था र दुग्ध सहकारीबिच २०७८ मा मर्च भई संयुक्त कारोबार गर्दै आएको डिङ्गरनगर दूरगामी सहकारीले अहिलेको अवस्थामा बचत तथा ऋण कारोबारले मात्र नहुने भएकाले उत्पादनतर्फ लाग्नुपर्ने सुझाव भ्रमण टोलीलाई दिएको छ । सोही क्रममा आनन्द सहकारीका शेयर सदस्यहरुका लागि डिङ्गरनगर सहकारीमा गई दुग्धजन्य वस्तु खरिद गर्दा सहुलियत रुपमा उपलब्ध गराउने दुई सहकारीबिच सहमति भएको सहकारीका उपाध्यक्ष सरोजलाल शाक्यले बताए । उनले भने 'हाम्रा सहकारीका शेयर सदस्यहरु जो कोही उक्त सहकारीमा गई दुग्धजन्य वस्तु खरिद गरेमा सहुलियत रुपमा सहकारीले उपलब्ध गराउने प्रतिवद्धता जनाएको छ ।' यस्तै भ्रमण टोलीले कामाख्या मन्दिर दर्शनसँगै लुम्बिनी केवलकारको अध्ययन अवलोकन गरेको छ । यहाँ पनि सहकारीका शेयर सदस्यहरुका लागि केवलकार चढ्दा विशेष छुट उपलब्ध गराई सहमति भएको छ । आनन्द सहकारी र लुम्बिनी केवलकारबिच सहकारीका सदस्यहरुलाई प्रति सदस्य ५ सयमा केवलकार चढाइने सहमति भएको हो । यहाँ अन्य सर्वसाधारणका लागि ७ सय ५० शुल्क लिने गरिन्छ । यस्तै टोलीले अंग्रेजी सेनालाई पराजित गरेको इतिहास बोकेको क्षेत्र बुटवलको जितगढीको भ्रमण गरेको छ । कर्णेल उजिरसिंह थापा नेतृत्वको नेपाली फौजले अंग्रेज फौजमाथि विजय हासिल गरेको त्यही विरताको चिनोको रुपमा रहेको जितगढी किल्लाका बारेमा भ्रमण टोलीले जानकारी समेत लिएको छ । भ्रमणले सहकारीलाई थप रचनात्मक ढंगले अगाडि बढाउन सकिने विश्वास सिर्जना भएको भ्रमणका संयोजक तथा सहकारीका सह-सचिव दिनेबहादुर बज्राचार्यले बताए । उनले उत्साजनक रुपमा भएको भ्रमणले धेरै नयाँ कुराहरु सिक्ने अवसर प्राप्त भएको उल्लेख गरे । सञ्चालक समिति, लेखासमिति, अन्य उपसमिति, सल्लाहकार, असल शेयर सदस्य र कर्मचारी गरी ४३ जनाको टोलीले अध्ययन अवलोकन गरेर फर्किएको सहकारीका प्रवन्धक प्रकाश शर्माले बताए । वित्तिय क्षेत्रमा जिल्लामै अग्रहणी भूमिका खेल्दै आएको सहकारीले विगतमा पनि विभिन्न जिल्लाका नमूना सहकारीहरुको अध्ययन अवलोकन गरिसकेको छ । उसले आफ्नो शेयर सदस्य, जेष्ठ नागरिकहरुलाई समेत यस अघि भ्रमण गराइसकेको छ ।

२०६७ साल कार्तिकमा स्थापना भएको संस्थाले छोटो समयमै समृद्धिको यात्रामा फड्को मारेको छ । सहकारीले आफ्ना शेयर सदस्यहरुको आर्थिक समृद्धिसँगै गरिब, महिला, दलित, जनजाति, उत्पीडित तथा विपन्न समुदायहरूको उत्थानमा समेत आफुलाई निरन्तर अगाडि बढाएको छ । आर्थिक समृद्धिको मेरुदण्ड सहकारी भएकाले पनि आनन्दले शेयर सदस्यहरुमा सामूहिक भावनाको विकास गरी उपलब्ध श्रम, सीप, श्रोत साधन, पुँजी र प्रविधिको माध्यमबाट समृद्धिको यात्रालाई पहिल्याएको हो ।

## खेलकुद समाचार

# नेपालले हङकङलाई २ सय २६ रनले हरायो



**काठमाडौं,** पुस ३/हङकङको १९ वर्षमुनिको टोलीसँगको तीन खेलको एकदिवसीय क्रिकेट शृङ्खला नेपाली युवा टोलीले जितेको छ । बुधबार भएको दोस्रो खेलमा हङकङलाई २ सय २६ रनले हराउँदै नेपालले एक खेलअघि नै शृङ्खला जितेको हो । नेपालले दिएको २ सय ९८ रनको लक्ष्य पछ्याएको हङकङ २९ ओभर ४ बलमा ७१ रनमै अलआउट भयो । हङकङका कप्तान शिभ माथुरले सबैभन्दा धेरै १६ रन बनाए । हङकङका सात जना खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । नेपालका दयानन्द मण्डलले ४ विकेट लिए । यसअघि मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले ५० ओभरमा ९ विकेट गुमाएर २ सय ९७ रन बनायो । नेपालका सोहेल कुँवरले ८१, सन्तोष यादवले नटआउट ६६ रन बनाए । हङकङका डेनेल मापले ३ विकेट लिए । पहिलो खेल नेपालले ३ विकेटले जितेको थियो । नेपाल र हङकङको १९ वर्षमुनिको तेस्रो तथा अन्तिम खेल पर्सि शुक्रवार हुनेछ । १९ वर्षमुनिको विश्वकप एशिया छनोटको तयारीका लागि नेपाल र हङकङबीच यो शृङ्खला भइरहेको हो । विश्वकप एशिया छनोट आउँदो वर्षको अप्रिलमा काठमाण्डौमा हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# तानसेनमा लुम्बिनी स्कूल युनिफर्म हाउस सञ्चालनमा




**पाल्पा,** पुस ३/तानसेनमा लुम्बिनी स्कूल युनिफर्म हाउस सञ्चालनमा आएको छ । विद्यार्थीहरुको सेवालाई मध्यनजर गरी तानसेनको शितलपाटी नजिकै युनिफर्म हाउस सञ्चालनमा आएको हो ।

पसलको तानसेन नगरपालिका -३ का वडा अध्यक्ष बाबुरत्न शाक्यले एक औपचारिक कार्यक्रमकाबिच शुभारम्भ गरेका हुन् । पसलको उद्घाटन गर्दै वडा अध्यक्ष शाक्यले व्यवसायिक सफलताको शुभकामना व्यक्त गरे । उनले सहज र सुपथ मूल्यमा सेवा दिन युनिफर्म हाउसलाई आग्रह गरे । हाउसबाट सरकारी तथा नीजि विद्यालयका विद्यार्थीहरुका लागि रेडिमेट ड्रेसहरु पाउनुको साथै स्कूल व्याग, जुत्ता, मोजाहरु पाइने व्यवस्थापक माधव आचार्यले बताए । उनका अनुसार अर्डर अनुसार स्कुल टाई, बेल्ट, ट्र्याकसुट साथै टिसर्टहरु तयार गरिन्छ । यहाँ सुपथ मूल्यमा ड्रेसहरु पाइने आचार्यले बताए ।

साइज अनुसार एक सेट सर्ट पाइन्टलाई ८ सयदेखि एक हजार ४ सय सम्म पर्ने गर्दछ । जुत्ता ४ सयदेखि ७ सय सम्म पर्ने व्यवस्थापक आचार्यले बताए । युनिफर्म हाउसले अर्घाखाँची, पाल्पा, दाङ,कपिलवस्तु, रुपन्देही, प्युठानबाट समेत सेवा दिर्दै आएको छ । एउटै पसलबाट विद्यार्थीहरुका लागि चाहिले स्कूलका सम्पूर्ण सामानहरु पाइने भएपछि विद्यालयहरुले समेत पसलबाट अर्डर गर्न थालेका छन् ।

# रामपुरका युवा उद्यमीहरुलाई अभिमुखीकरण



**पाल्पा,** मंसिर ३/जिल्लाको रामपुरमा युवा उद्यमीहरुको लागि अभिमुखिकरण कार्यक्रम गरिएको छ । रामपुर नगरपालिकाले नगर भित्रका युवा उद्यमीहरुका लागि युवा स्वरोजगार कार्यक्रम बारे अभिमुखिकरण कार्यक्रम गरेको हो ।

नगरपालिकाले युवा स्वरोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गर्दै आएको व्याज अनुदान कार्यक्रमको विषयमा जानकारी गराएको छ । कार्यक्रममा चालु आर्थिक वर्षमा व्याज अनुदानका लागि निवेदन दिएका उद्यमीहरुलाई कार्यक्रमको उद्देश्य, मापदण्ड र प्रक्रियाको विषयमा जानकारी दिइएको थियो । कार्यक्रममा नगर प्रमुख रमणबहादुर थापाले युवा उद्यमीहरुलाई प्रोत्साहन गर्न व्याज अनुदान कार्यक्रम नगरपालिकाले देश मै पहिलो पटक सुरुवात गरेको बताए । पालिकाले सुरु गरेको व्याज अनुदान कार्यक्रम अहिले प्रभावकारी बनेको उनको भनाई छ । कतिपय कृषकले अनुदान लिने, अनुदान पाएपछिबिचमै छाड्ने प्रवृत्ति रहेकाले राज्यको लगानी सहि ठाउँमा सदुपयोग होस् भन्ने अवधारणाका रूपमा व्याज अनुदान कार्यक्रम ल्याइएको नगर प्रमुख थापाले बताए । आफुले कारोबार गरेको रामपुर नगरभित्रका जुनसुकै वित्तीय संघ संस्थाको खातामा ३/३ महिनामा नगरपालिकाले व्याज अनुदानका रूपमा रकम भुक्तानी गरिदिने उनले बताए । रामपुर नगरपालिकाले युवालाई प्रोत्साहन गर्न २ वर्षसम्मका लागि व्याज अनुदान दिदै आएको थापाले जानकारी दिए । नगरपालिकाले यस आर्थिक वर्षमा छनौट भएका युवा उद्योगीलाई लक्षित गरेर अभिमुखिकरण कार्यक्रम गरेको हो । केही काम गर्न खोज्ने, चाहना भएका युवा उद्यमीलाई व्यवसायबाट स्वरोजगार र आत्मनिर्भर बनाउन नगर सरकारले व्याज अनुदान उपलब्ध गराउँदै आएको छ । कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले कार्यक्रममा सहभागी हुनका लागि नगरपालिकाले अवलम्बन गरेको मापदण्ड र प्रक्रियाको विषयमा जानकारी गराएका थिए । २१ वर्षदेखि ५९ वर्ष सम्मका युवालाई यस कार्यक्रममा समावेश गरिने उनले जानकारी दिए । सहभागीले कृषि तथा पशुपंक्षिको बिमा गर्न बिमा कम्पनीले नमानेको गुनासो गरेका थिए । पशु शाखा प्रमुख तुलसीराम काफ्लेले बीमाको विषयमा नियामक निकाय बिमा प्राधिकरणलाई झक्झक्याउनु आवश्यक रहेको उल्लेख गरे । युवा उद्यमी विनोद श्रेष्ठले केहि गर्छु भन्ने युवाका लागि यो कार्यक्रम अति राम्रो रहेको बताए । कृषि शाखाका प्राविधिक युवराज नेपालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई